# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

Ph:-021-404100

Province No. 1, Nepal
प्रदेश नं. १, नेपाल


मितिः-२०७६/१०/२८

### सटर भाँडा सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७६/२०७७ देखि २०८१/०८२ असार मसान्त सम्मका लागी यस गाउँपालिकाको अधिनमा रहेको वडा नं ३ को सटर नं १२ र १३ ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहि इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले तोकिएको अवधिभित्र रितपुर्वकको शिलबन्दी बोलपत्र मा भाग लिनहुन का लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | विवरण | मासिक न्यूनतम रकम रु | फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | सटर नं १२ | ५०००। | ५००। | २०७६/११/०५ ५:०० वजे सम्म | २०७६/११/०६ १२:०० वजे | २०७६/११/०६ २:०० वजे | गा.पा.को कार्यालय |
| २ | सटर नं १३ | ५०००। | ५००। | २०७६/११/०५ ५:०० वजे सम्म | २०७६/११/०६ १२:०० वजे | २०७६/११/०६ २:०० वजे | गा.पा.को कार्यालय |

१. यो गोप्य शिलबन्दी बोलपत्र प्राप्त गर्ने मिति,समय र स्थान गाउँपालिकाको कार्यालय कटहरीमा मितिः २०७६ माघ २८ गते देखि मितिः २०७६ फाल्गुन ०५ गते दिनको ५ वजेसम्म

२. गोप्य शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७६ फाल्गुन ०६ गते दिनको १२ बजेसम्म गाउँपालिकाको कार्यालय कटहरीमा हुनेछ ।

३. गोप्य शिलवन्दी बोलपत्रमा भाग लिनेको कबोल गरेको अंकको १२ महिना बराबर रकमको ५ प्रतिशत रकम राष्ट्रिय बाणिज्य बैंक कटहरीमा रहेको गाउँपालिकाको धरौटी खाता नं. २१९०३०३००७१०२ मा जम्मा गरी सक्कल भौचर शिलवन्दी बोलपत्रमा समावेश गर्नु पर्नेछ ।

४. गोप्य शिलवन्दी बोलपत्र स्वीकार गरेको मितिले ७ दिन भित्र १२ महिना बराबर रकम गाउँपालिकाको धरौटी खातामा धरौटी वापत बुझाई बैंक भौचर सहित संझौता गर्न आउनु पर्ने छ ।

५ .प्रत्येक सटरको छुट्टा छुट्टै गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

६. उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेपछि पनि ठेक्का बदर गर्न सकिने छ । ठेक्का स्वीकृत भएपछि ठेक्केदारले पुरा गर्नु पर्ने शर्त पुरा नगरेको कारणवाट ठेक्का बदर गर्नु परेमा ठेक्केदारको धरौटी रकम समेत जफत हुने छ ।

७. ठेक्का सम्झौता भएपछि बन्द हडताल चक्का जाम जस्ता कारण देखाई ठेक्का रकम छुट वा मिनाहाको लागी दिईने निवेदन उपर कुनै कारवाहि हुने छैन । र छुट वा मिनाहा हुने छैन ।

८. नेपाल सरकार गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्ण पालना गर्नु पर्ने छ । साथै ठेक्का सम्बन्धीत कुनै विवाद भएमा गाउँपालिकाको निर्यण अन्तिम हुनेछ ।

९. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाइ सदर गरिनेछ ।

१०. फारम खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

११. म्याद नाघी र रित नपुगी प्राप्त फारम उपर कुनै कारवाहि हुने छैन ।

१२. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१३. ठेक्का अवधि २०७६ फागुन १५ देखि २०८२ असार मसान्त सम्मको लागी हुनेछ

१४. अन्य जानकारीको लागी गाउँपालिकाको कार्यालय कटहरीमा सम्पर्क राख्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत